# विहादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०८२-०८३
चलानी न.:

मिति: २०८२-१२-०१

सुचना नं.:- ६३

**बाँसको प्रशोधन (ट्रिटमेन्ट) तथा सामाग्री उत्पादन सम्बन्धी तालिम सम्बन्धमा ।**

प्रस्तुत विषयमा विहादी गाउँपालिकाले स्थानीय कच्चा पदार्थको सदुपयोग गर्दै उत्पादनमा जोड दिनुका साथै स्थानीय बासिन्दालाई व्यावसायिक रूपमा आत्मनिर्भर, उद्यमशील र रोजगारीमुखी बनाउने उद्देश्यले प्रविधि हस्तान्तरण, सीप विकास तथा बजारसँग जोडिने स्थानीय कच्चा पदार्थ र सीपमा आधारित लघु उद्यम प्रवर्द्धन कार्यक्रम अन्तर्गत गाउँपालिकाले स्वयम् प्रशोधन स्थल निर्माण गरी कार्यस्थलमा आधारित बाँसको प्रशोधन (ट्रिटमेन्ट) तथा विभिन्न सामाग्री उत्पादन सम्बन्धी तालिम सञ्चालन गर्न लागेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । यस सम्बन्धमा १८ देखि ४५ वर्ष उमेर समूहका इच्छुक बासिन्दाहरूले मिति २०८२/१२/०७ गते भित्र सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा उपस्थित भई आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

उक्त तालिम अन्तर्गत बाँस प्रशोधन (ट्रिटमेन्ट) गरी निम्न सामग्रीहरू उत्पादन गर्न सीप प्रदान गरिनेछः

- कुर्सी
- टेबल
- र्याक
- सोफा
- स्टुल
- प्लाङ आदी

साथै, ईच्छुक आवेदकलाई बाँस प्रयोगबाट घर बनाउने एड्भान्स तालिम पनि दिईनेछ ।

**अतः** स्थानीय कच्चा पदार्थ र सीपलाई आधार बनाई आफ्नै गाउँमा रोजगारी तथा स्वरोजगारी सिर्जना गर्न चाहने सम्पूर्ण इच्छुक स्थानीय बासिन्दालाई यस कार्यक्रममा सहभागी भई यस अवसरको अधिकतम सदुपयोग गर्न विहादी गाउँपालिका हार्दिक अनुरोध गर्दछ ।

हरि प्रसाद भुसाल
नि.प्रमुख प्रशासकीय अधिकृत